# लेटाङ्ग नगरपालिका

## नगरपालिकाको मर्मत संभार कोष संचालन निर्देशिका

२०७४

लेटाङ्ग नगरपालिका

लेटाङ्ग, मोरङ

# मर्मत संभार कोष संचालन निर्देशिका, २०७४
# प्रस्तावना

सडक यातायात विकासको पूर्वाधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक यातायातले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायातको पहूंच ग्रामिण क्षेत्रसम्म पुऱ्याउने न.पा. को लक्ष्य पनि हो । न.पा.मा सडकहरुको ट्र्याक खन्ने कार्य वढ्दो छ र बनिसकेको सडकमा यातयात सुचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी छ। यातायात सूचारु भएका सडकहरुमा मर्मत गर्ने माग वढ्दो रुपमा देखिएको छ । लेटाङ्ग नगरपालिकाले वार्षिक रुपमा सडक मर्मतमा धेरै श्रोत र साधन उपयोग गर्दै आएको छ । तसर्थ सडक मर्मतलाई व्यवस्थित र दिगो गर्नको लागि मर्मत सम्भार कोष स्थापना गर्नु पर्ने आवश्यक भएको हुँदा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ तयार गरिएको हो ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ :-

१.१ यो निर्देशिको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ रहने छ ।

१.२ यो निर्देशिका लेटाङ्ग नगरपालिकाको मिति २०७४।०६।०२ गते सम्पन्न नगरकार्यपालिकाक बैठकबाट निर्णय भई तयार गरिएको हो । (यसको अनुमोदन नगरपालिकाको आसन्न प्रथम नगरसभाबाट अनुमोदन गरिने छ ।)

१.३ यो निर्देशिका नगरसभाले पारित गरे पछि लागू हुनेछ ।

## परिच्छेद - २

## परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क)" निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७४ सम्भन्नु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले लेटाङ्ग नगरपालिकालाई सम्भन्नु पर्छ ।

(ग) "सचिव" भन्नाले न.पा. सचिव तथा कार्यकारी अधिकृतलाई सम्भन्नु पर्छ ।

(घ) "स्थानिय निकाय" भन्नाले नगरपालिकालाई सम्भन्नु पर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाऊँ टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको समितिलाई सम्भन्नु पर्छ ।

(च) “भुक्तानी रकम” भन्नाले निर्माण भएको सडकको भुक्तानी हुँदा नगरपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउंछ ।

## परिच्छेद - ३

## व्यवस्थापन समिती

**३. व्यवस्थापन समितिको गठन :-**

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :-

| | |
|---|---|
| १. नगर प्रमुख | संयोजक |
| २. कार्यकारी अधिकृत | सदस्य |
| ३. लेखा प्रमुख | सदस्य |
| ४. प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

ख. समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ ।

ग. वैठक बसेको वखत वैठक भत्ता स्था.नि. आ. प्र. सम्वन्धी नियमावली अनुसार हुनेछ ।

घ. वैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

**३.१ व्यवस्थापन समितीको काम कर्तव्य र अधिकार :-**

क. व्यवस्थापन समितीको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।

१. न.पा.मा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको  खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायको खोजी गर्ने ।

४. सडक मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्वन्धि कार्य योजना वनाउने ।

५. सडक मर्मत सम्भार कार्यलाई प्रभावकारी वनाउने ।

६. सडक मर्मत सम्भार समवन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

# परिच्छेद - ४

## कोष स्थापना

**४. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहाय वमोजिमको रकम जम्मा हूने छ** :-

(१) नेपाल सरकारवाट मर्मत संभार कोषको लागि भनी तोकी दिएको रकम ।

(२) स्थानीय निकायवाट मर्मत संभारको लागि प्राप्त रकम ।

(३) स्थानीय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम ।

(४)अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम ।

(५) नगरपालिकाबाट संचालन भएको रु.५,००,०००।- भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशतले हुने रकम ।

(६) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकी दिएको रकम ।

**४.१ कोष सञ्चालन :-**

(क) कोषको नाममा प्राप्त हून आएको रकम लेटाङ्ग नगरपालिका कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ ।

(ख) कोषको खाता कार्यकारी अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

(घ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

# परिच्छेद - ५

## कोषको खर्च प्रणाली

**५. कोषवाट हुने खर्च** :- मर्मत सम्भार कोषमा जम्मा हून आएको रकम देहाय वमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ ।

१. सडकको नियमित मर्मत सम्भार ।

२. सडकको पटके मर्मत सम्भार ।

३. सडकको आवधिक मर्मत सम्भार ।

४. आकस्मिक मर्मत सम्भार ।

**५.१ सडकको नियमित मर्मत सम्भार** :-

नियमित मर्मत सम्भार गर्दा देहाय वमोजिमको कार्यहरु गरिने छ :-

१. सडक किनाराको ढल तथा नालीको सफाई गर्ने ।

२. सडकमा खसेको माटो र ढुंगा हटाउने ।

३. इम्व्याकमेण्ट नाली र सडक नजिकैको घास तथा रुखको हागा काट्ने

४. सामान्य खालको पहिरो (१.० घन मिटर सम्म) वा भूस्खलन हटाउने

५. पुल तथा कल्भर्टको सफाई गर्ने ।

६. सडकमा राखिएका अन्य सामाग्री सफाई गर्ने ।

**५.२ सडकको पटके मर्मत सम्भार** :-

**पटके मर्मत सम्भार गर्दा देहाय वमोजिमका कार्यहरु गरिने छ** :-

क. माटे सडकमा सवारी साधनको चक्काले वनाएको खाल्डो पुर्ने ।

ख. क्याम्वर मिलाउने ।

ग. सडक सतहको खाल्डो पुर्ने र सडक किनारा (Shoulder) को कार्य

गर्ने ।

घ. ग्राभेल सडकको पट्होल मर्मत गर्ने ।

ङ. कच्ची नालीको मर्मत गर्ने ।

च. कल्भर्ट पुलको प्यारापेट वाल, रेलिङ्ग, रिटेनिङ्ग वाल, विङ्गवाल, चेक ड्याम मर्मत गर्ने र संरक्षण गर्ने ।

छ. वायो इन्जिनियरिङ्ग गर्ने ।

ज. नदी संरक्षण गर्ने ।

झ. ढलको कभर वदल्ने, मर्मत गर्ने ।

ञ. ठूलो पहिरो र भूस्खलन हटाउने ।

ट. कालोपत्रे सडकको पटहोल मर्मत गर्ने, पेनभेण्ट एज मर्मत गर्ने र सामान्य क्रयाकको सिलिङ्ग गर्ने ।

**५.३. आवधिक मर्मत सम्भार** :- आवधिक मर्मत सम्भार गर्दा देहाय वमोजिम कार्यहरु गरिने छ ।

क. कच्ची नाली निर्माण गर्ने ।

ख. पानी निकासको लागि सडकमा ढुङ्गा सोलिङ्ग गरि कज्वे निर्माण गर्ने ।

ग. माटे सडकमा भिरालो सडक सतहमा सोलिङ्ग गर्ने ।

घ. ग्राभेल सडकमा सतहको ग्रेडिङ्ग ब्लेडिङ्ग गर्ने ।

ङ. ग्राभेल सडकमा १० से.मी. रि ग्राभेलिङ्ग गर्ने ।

च. मेसिनरी संरचनाको मर्मत गर्ने ।

छ. कालोपत्रे सडकमा सर्फेस ड्रेसिङ्ग, स्लरी , सिलिङ्ग, प्रिमिक्स, सर्फेसिङ्ग कार्य गर्ने ।

**५.४ आकस्मिक मर्मत सम्भार :-** आकस्मिक मर्मत सम्भार गर्दा देहाय वमोजिमको कार्यहरु गरिने छ

क. आकस्मिक पहिरो सफागर्ने ।

ख. क्रस ड्रेन स्ट्रक्चर सहित डाइभर्सन निर्माण गर्ने ।

ग. आकस्मिक स्लोप, स्टेविलाइजेसन गर्ने ।

घ. सडक पुल कल्भर्ट लाई वाढीवाट क्षती पुगेमा संरक्षण गर्ने ।

**५.६ नियमित पटके वा आवधिक मर्मत सम्भारको लागि सडकको छनौट** :-

उपभोक्ता समितिवाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भइ आएका एकै प्रकारका सडकहरु मध्ये छनौट गर्दा देहायका आधारमा सवभन्दा वढी आवश्यक र उपयूक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्ने छ ।

क. अध्यावधिक न.पा. यातायात गुरु योजनामा परेका सडकहरु

ख. सडकको लम्वाई तथा सडक सञ्चालनमा सो सडकको महत्व

ग. सडकवाट लाभान्वित हूने जनसंख्या

घ. सडक मर्मत सम्भारवाट हूने आर्थिक लाभ

ङ. सार्वजनिक यातायात सञ्चालन हूने सडक

च. नगर स्तरिय सडक, कृषि सडक र ग्रामिण सडक

## परिच्छेद -६

**६.मर्मत सम्भार कार्य गराउने व्यवस्था** :-

नगरपालिका भित्र रहेका सडकहरुको नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्तावाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । उपभोक्ता समितीवाट कार्य गराउदा नगरपालिकावाट स्वीकृत उपभोक्ता समिती निर्देशिका अनुसार गरिने छ । सडकको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि स्थानीय निकाय आ.प्र. सम्वन्धी नियमावली वमोजिम गर्न सक्ने छ ।

## परिच्छेद - ७

**७.विविध :-**

७.१ मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा नगरसभावाट हुनेछ ।

७.२ यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

७.३ यस निर्देशिकामा लेखिएका कूराहरु प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ संग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।